भाग ५

नेपाल सरकार

गृह मन्त्रालयको

सूचना

नेपाल सरकारले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ३२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी संवत् २०८३ साल असोज २५ गते बुढीगण्डकी नदीमा आएको बाढीका कारण प्रभावित भएका देहायका जिल्लाका देहायका स्थानीय तहलाई यो सूचना नेपाल राजपत्रमा प्रकाशन भएको मितिले तीन महिनाका लागि विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

क्र.सं.	जिल्ला	स्थानीय तह
१.	गोरखा	चुमनुब्री गाउँपालिका
		धार्चे गाउँपालिका
		आरुघाट गाउँपालिका
२.	धादिङ	त्रिपुरासुन्दरी गाउँपालिकाको वडा नं. १ र २

आज्ञाले,
केदारनाथ शर्मा
नेपाल सरकारको सचिव।

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू.५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।